# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल


**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०८/१६
(विज्ञापन नं. ११/०७७/०७८)

यूरोपिएन यूनिएनको आर्थिक तथा युएनएफपिएको प्राविधिक सहयोगमा"कोभिड–१९ को सन्दर्भमा लैङ्गिक हिंसा प्रतिकार्य कार्यक्रम" संचालनका लागि परियोजनाका साझेदार संस्थाहरूका तर्फबाट मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल र यस मिथिला नगरपालिका (धनुषा) बीच समझदारी भई यस नगरपालिकाका सबै वडाहरुमा उक्त कार्यक्रम संचालन हुने भएको हुँदा उक्त कार्यक्रमका लागि निम्न पदहरूको करार सेवा आवश्यकता भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिएको छ ।

**१. सामुदायिक मनोसामाजिक संयोजक– १ जना (महिला मात्र)**

**न्यूनतम योग्यता:**
शैक्षिक योग्यता :स्नातकतह उत्तिर्ण गरी कम्तिमा छ महिने मनोपरामर्शको तालिम लिएको । मनोपरामर्शमा पोष्टग्राजुएट डिग्री प्राप्त गरेका तथा परामर्श साइकोलोजीमा एमए गरेकालाई विशेष ग्राह्यता दिइने छ ।
उमेर : १८ वर्ष पूरा भई४०वर्ष ननाघेको ।
तलब: प्रचलित कानुन बमोजिम

**अनुभव तथा वाञ्छनीय योग्यता:**

- सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
- लैङ्गिक एवं घरेलु हिंसामा मनोपरामर्शमा सेवाको काम गरेको अनुभव भएको ।
- मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेख्न तथा घटना अभिलेखको अनुभव भएको ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- टिमसँग मिलेर काम गर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसँग सँयोजन गर्नसक्ने तथा अन्तर व्यक्ति संचार तथा नेतृत्व सीप भएको ।
- स्थानीय तथा राष्ट्रिय स्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।
- इमेल, इन्टरनेट, MS Word, MS Excelतथाpower Pointमा जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- महिला, दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत स्थानीयलाई विशेष ग्राह्यतादिइनेछ ।

**२. सामुदायिक मनोसामाजिक कार्यकर्ता : २ जना (महिला मात्र)**
न्यूनतम योग्यता

- शैक्षिक योग्यता : एसईई वा सो सरह उत्तीर्ण गरेको ।
- उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- तलब: प्रचलित कानुन बमोजिम ।

प्रमुख प्रशासकीय अधिकृत

क्रमस...........

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
प्रदेश नं. २, नेपाल

**अनुभव एवं वाञ्छनीय योग्यता**

- १२ कक्षा उत्तीर्ण गरेकालाई विशेष प्राथमिकता दिइनेछ ।
- समुदायमा मनोसामाजिक सहजकर्ता वा सामाजिककार्यकर्ताको रुपमा अनुभव प्राप्तलाई प्राथमिकता ।
- समुदायमा निहित घरेलु तथा लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा कामगर्न रुची राख्ने ।
- उम्मेदवारहरु सम्वन्धित नगरपालिकाको हुनुपर्नेछ, सम्बन्धित नगरपालिकामा योग्य उम्मेदवार नआएमा भौगोगिक सहजताका आधारमा सँगैको न.पा. मा सक्षम उम्मेदवार आएमा पनि छनौट गर्न सकिने छ ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रो सँग वहन गर्न कटिवद्धरहने ।
- स्पष्ट रुपले संचार गर्न सक्ने र आवश्यकताअनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
- स्थानीयस्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था, तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रम सँग समन्वय गर्न सक्ने ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्ने ईच्छा भएकालाई विशेष प्राथमिकता दिइने ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

**पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू :**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान ।

योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको राजशव शाखामा सामुदायिक मनोसामाजिक संयोजक पदकाले रु १,०००।- अक्षरेपी एक हजार मात्र र सामुदायिक मनोसामाजिक कार्यकता पदकाले रु ५००।- अक्षरेपी पाँच सय मात्रको दस्तुर तिरी सोको सक्कल भौचर, उपर्युक्त कागजात तथा व्यक्तिगत विवरण (बायोडाटा) सहित निम्न ठेगानामा बुझाउन यो सुचना जारी गरिएको छ ।

मिथिला नगरपालिका नगरकार्यपालिकाको महिलाबालबालिका तथा समाज कल्याण उपशाखा ।
फोन नं.:९८४४००५०४१,९८४४०२८६८१

..................

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत